# बाल कार्यक्रमदेखि चिन्तन मननसम्म

दीपा गौतम

## पृष्ठभूमि

रेडियोमा उद्घोषक बन्ने सपना बोकेकी म, कसरी टेलिभिजनमा पुगेँ आज सम्झँदा आश्चर्य लाग्छ । केहीअघि आमा बित्नु भएकोले जीवनमै बदली लागेको बेला थियो त्यो । मैले युनिभर्सिटी टेकेको मात्र थिएँ तुलनात्मक रूपमा कम उमेरमै । एमएको पढाइ मेहनत गरेर होइन, अल्छी गरेर किस्ताबन्दीमा जागीर खाँदै पढ्नुपर्छ, भन्थे साथीहरू । र, म मनमनै सोच्थेँ 'साँच्चै जागीर खाँदै पढ्न पाए ! कति रमाइलो हुन्थ्यो होला । युनिभर्सिटी धाउन चाहिने बस खर्चका लागि घरमा कसैसँग हात पसार्नु पर्दैनथ्यो । र, बेलामौकामा क्याफ्टेरियाको चक्करसमेत लगाउन पाइन्थ्यो ।' तर, जागीर पाउन निकै कठिन थियो । खोजी पसेको भए स्कूलहरूमा पढाउने काम पाइन्थ्यो होला जुन सकेसम्म गर्न मन थिएन । पढ्न मन छैन, पढाउन मन लाग्दैनको अप्ठ्यारो स्थितिमा दिनहरू बित्दै थिए ।

२०४२ को फागुनको बीच तिर जस्तो लाग्छ, कान्छो दाजु उद्धवले "नेपाल टेलिभिजनमा उद्घोषकहरू मागेको छ, तिमी अप्लाइ गर, सेलेक्सन हुन सक्छौ" भन्नुभयो । दाजुमा म प्रतिको विश्वासका आधारहरू के के थिए ? भन्न सक्तिनँ । तर, रेडियो उद्घोषक बन्ने मेरो तीव्र चाहना र कहीँ कसैसँग पनि बोल्न नडराउने मेरो निर्भिक स्वभावले त्यसमा केही भूमिका खेलेका थिए कि जस्तो

लाग्छ । दाजु उद्धवले नै मलाई टेलिभिजनसित परिचित गराउनुभएको हो । उहाँकै पहल र निर्देशनमा मैले उद्घोषकको लागि नेपाल टेलिभिजनमा आवेदन हालेँ । आज पनि मलाई लाग्छ आमा रहिरहनुभएको भए म सायद टेलिभिजनसम्म पुग्नै पाउँदिनथेँ । छोरीहरूले सिनेमा हेरेको समेत नरुचाउने मेरी आमाले आफ्नी छोरी टेलिभिजन पर्दामा देखिएको के सहनुहुन्थ्यो होला र ?

**उद्घोषण: नलागेको पोष**

अँ ... उद्घोषणको लागि फर्म बुझाएको केही दिनपछि 'स्क्रिन टेस्ट' को निम्ति मेरो छनोट भएको कुरा दाजुले भन्नुभयो । मैले 'स्किन' भन्ने सुनिछु र भनेँ, "के हो त्यो भनेको ? छाला जाँच्ने ? छ्या म त जान्नँ ।" दाजुले भन्नुभयो, "छालै जाँच्ने त होइन तर, केही हदसम्म हो पनि । रेडियोमा स्वरको मात्र जाँच हुन्छ टेलिभिजनमा अनुहारको पनि ।" 'जानु राम्रो हो' दाजुले आदेशको टोनमा भन्नुभयो । स्क्रिन टेस्टको भीडमा म अलमलिएँ । त्यो कुनै 'ब्युटि कन्टेस्ट' मा हुने जमघटभन्दा कम थिएन । काठमाडौँका धनाढ्य, नवधनाढ्य र तथाकथित सम्भ्रान्त र कुलीन परिवारका एक से एक फेसनेवल छोरी/बुहारीहरूको झुण्ड थियो त्यहाँ ।

मसँग थियो स्नातकको डिग्री, मध्यम वर्गीय पारिवारिक पृष्ठभूमि र औसत अनुहार । म हतोत्साही भएँ र भन्ठानेँ - यो भीडबाट मलाई कसले छनोट गर्ला ? नआउनुपर्ने ठाउँमा आइपुगिएछ भन्ने लाग्दालाग्दै 'स्क्रिन टेस्ट' को निम्ति मेरो नाम बोलाइयो । 'क्यामरामा हेरी बोल्नु' भनी कसैले एउटा 'चिट' थमाइदियो । राससको समाचार बुलेटिनमा प्रहरीसम्बन्धी कुनै समाचार थियो त्यो । खर्रर ... पढेँ । बेलाबेलामा क्यामरातिर पनि हेरि टोपलेँ । पर्सिपल्ट थाहा भयो- म पास भएछु । पत्यारै लागेन । तर त्यो सत्य थियो । 'मेरो नाम निस्कँदैन' भनेर दिमागले भनिरहे तापनि मनको एउटा कुनामा 'निस्किहाल्छ कि ?' भन्ने आशा भने नभएको होइन । त्यो आशा मलाई किरण चित्रकारले जगाइदिनुभएको थियो । स्क्रिन टेस्टको बेला क्यामरा सञ्चालन गरिरहेका चित्रकारले मेरो रेकर्डिङपछि भन्नुभएको थियो, "तपाईंले राम्रो गर्नुभयो, तपाईंको सेलेक्सन हुनुपर्छ ।" "हो र ?" भन्दै म हाँसेकी थिएँ । उहाँले अरू प्रतियोगीलाई लक्षित गर्दै "हो नि नक्कल पारेर मात्र हुन्छ ? राम्ररी बोल्न पनि सक्नु पर्‍यो नि ?" भनेको पनि मलाई सम्झना छ । उहाँको मनमा लागेको कुरा भनेपछि र सायद तुरुन्तै बिर्सिएको पनि हुनसक्छ । तर, म उहाँप्रति सधैँ कृतज्ञ छु किनभने सञ्चारमाध्यम टेलिभिजनका लागि व्यावसायिक दृष्टिले मलाई योग्य ठान्ने चित्रकार नै पहिलो व्यक्ति हुनुहुन्थ्यो ।

स्क्रिन टेस्टमा पास त भएँ । तर के हो उद्घोषण ? त्यो कसरी गर्नुपर्छ ? कुनै आधारभूत जानकारी थिएन । न त सिकौँ भने त्यससम्बन्धी शिक्षण/प्रशिक्षण नै कतै पाइन्थ्यो । दाजुले भन्नुभयो, "गर्दै जाँदा जानिएला नि ! अरूले जस्तो गर्छन्, त्यो हेर्नू र त्योभन्दा केही नयाँ गर्नू ।" चैतको पहिलो हप्ता गरिएको पहिलोपटकको उद्घोषणमा बुद्ध धर्मका कुनै गुरुलाई चिनाउनुपर्ने थियो किनकि मेरो उद्घोषणको लगत्तै उनको प्रवचनको टेप प्रसारणको लागि तयार थियो । स्टुडियोको लाइट र आत्तिएको मनले दुवै गालालाई रन्काएको महसुस भयो । समाचार र उद्घोषण प्रत्यक्ष प्रसारण हुने स्टुडियोमा पस्दा कुनै अपरेशन थिएटरमा पसे जस्तो मुटु ढक्ढक् गर्दै थियो । पहिलो पटकको उक्त उद्घोषण राम्रो भएपछि अथवा भनुँ नबिग्रेपछि मनमा एक प्रकारको आत्मविश्वास पलायो । ए ... यस्तै त रहेछ नि ! भन्ने भयो ।

यता टेलिभिजनको पर्दामा आफ्नो अनुहार देखिएपछि त्यसको चारैतिरबाट व्यापक 'रेस्पोन्स' हुन थाल्यो । इष्टमित्र छरछिमेकमा एक प्रकारको धाक जम्यो । "त्यहाँ त (नेपाल टेलिभिजनमा) भयङ्कर सोर्स चल्छ नि ! कसको सोर्स लगायौ ?" दाजुलाई केहीले सोधेछन् पनि । "यो यस्ती खरी छे, तर त्यहाँ भने राणाशाहको बोलवाला छ । जी ! हजुर ! सुकला ! ज्यूनार भन्नु पर्छ रे ! कतिञ्जेल टिक्ली ?" केहीले पछाडि कुरा गरेको पनि थाहा पाइयो ।

साँझको प्रसारण हुने भएकोले ड्युटी रातिको हुने नै भयो । थोरै समय पर्दामा आउनका लागि धेरै समय लगाई मेकअप गर्नुपर्ने, तर मेकअप नगर्ने संस्कारमा हुर्किएकी म; हरेक दिन फरक-फरक साडीको जोहो गर्नुपर्ने, तर साडी उति धेरै नभएको अवस्था र करिब करिब एउटै जस्तो कुरालाई हरेक साँझ 'अब प्रस्तुत छ' भन्दै दोहोऱ्याउनुपर्ने रुटीन काम आदिले गर्दा एक महिनामै उद्घोषण कार्य 'झ्याउ' लाग्दै आयो । 'यो कामबाट मलाई पोष लाग्दैन' मलाई आभाष भइसकेको थियो । मलाई उद्घोषणमा रुचि नभएको कुरा कसैबाट थाहा भएर हो वा मेरो उद्घोषणमा समेत त्यो कुराको असर देखिएर हो त्यो बेलाका कार्यक्रम शाखा प्रमुख तपनाथ शुक्लले एकदिन सोध्नुभयो, "तपाईंलाई प्रोडक्सनमा रुचि छ ?" मुखले केही नभने पनि मनले 'उद्घोषणबाहेक जे मा पनि रुचि छ' भन्ने जवाफ दिइसकेको थियो । शुक्लले जवाफ नपर्खी भन्नुभयो, "उद्घोषणमा मात्र सीमित नरहनुहोस्, कार्यक्रम उत्पादनतर्फ लाग्नुस् । हामीलाई साहित्यिक कार्यक्रम सञ्चालन गर्ने मान्छे चाहिएको छ, तपाईं गर्ने ?" उहाँको प्रश्न थियो । आफू साहित्यिक व्यक्तित्व नभएको र कार्यक्रम उत्पादनको अनुभव पनि नभएको कुरा गर्दा शुक्लले साहित्यिक कार्यक्रम सञ्चालन गर्न साहित्यकार

हुनुनपर्ने बरु साहित्यमा रुचि भए पनि पुग्ने र बाँकी आफूले 'गाइड' गर्ने कुरा बताउनुभयो । साहित्य नलेख्ने भए तापनि धेरथोर पढ्ने बानी र रुचि त थियो नै । यद्यपि त्यो बेला साहित्य प्रतिको रुचिभन्दा पनि उद्घोषणबाट छुटकारा पाउनको लागि म उहाँको कुराप्रति आकर्षित भएकी थिएँ । त्यसअघि साहित्यिक कार्यक्रम सञ्चालन गरिरहनुभएका राजेन्द्र शलभले कारणवश उक्त कार्यक्रमबाट विदा लिएकाले कार्यक्रम शाखालाई पनि सायद मेरो आवश्यकता थियो ।

**कार्यक्रम निर्माणः अभ्यासका दिनहरू**[१]

'कार्यक्रम कसरी बनाउने होला ?' भनी सोच्दा नसोच्दै मेरो त 'सुटिङ[२] डेट' नै फिक्स भइसकेको रहेछ । "ल, पर्सि सुटिङ गर्ने, मङ्गलबार तपाईंको कार्यक्रम 'अनएयर' हुनुपर्छ' शुक्लले मलाई भन्नुभयो । अब परेन फसाद ! गाला पहिलोपटक उद्घोषण गर्ने बेलामा रन्केको भन्दा बढी रन्कियो । मन बेपत्ता आत्तियो । तर कुनै पनि मूल्यमा त्यो चुनौतीलाई मैले स्वीकार गर्नुपर्ने नै थियो । मनमा 'सानो मान्छेलाई ठूलो काम भएन र ?' भन्ने सोचाइ भने नआएको होइन । जे होस् गाइड गर्ने आश्वासन दिनुभएका शुक्लले पहिलो कार्यक्रम मेरो सजिलोको लागि अन्तर्वार्तामा आधारित हुने बताउनुभयो । मैले अन्तर्वार्ता लिन सकिने सम्भावित व्यक्तित्वहरूको नाम सुनाएँ । दुवैको सहमतिमा अन्तर्वार्ताका लागि छानिनुभयो - त्यसबखत भर्खरै त्रिभुवन प्रज्ञा पुरस्कारबाट सम्मानित साहित्यकार गोविन्दबहादुर मल्ल 'गोठाले' । त्यसपछिका कार्यक्रमका निम्ति आवश्यक अनुसन्धान, परिचय र जीवनी लेख्ने तथा प्रश्नावली तयार पार्ने काम म आफैँले गरेँ । सुटिङ सन्तोषजनक रह्यो । सुटिङका क्रममा काठमाडौँको नाम चलेका मल्लमा पर्नुहुने गोविन्दबहादुर मल्लको संयुक्त परिवारका करिब २५/३० जना सदस्यहरूले गणबहालको उहाँको घरमा हाम्रो 'क्र्यु'[३] लाई भव्य स्वागत गरेको मलाई अझै सम्झना छ ।

दीपक श्रेष्ठको छायाङ्कन र रवीन्द्र पाण्डेको सम्पादनमा निर्मित उक्त कार्यक्रम २०४३ वैशाख १६ गते 'अन एयर' भयो । कार्यक्रमलाई दर्शकहरूद्वारा रुचाइएछ

---

१ यस लेखमा आफूले निर्माण तथा प्रस्तुतसमेत गरेका कार्यक्रमहरूको बारेमा मात्र चर्चा गरिएको छ । समाचारसम्बन्धी कार्यक्रमहरू, विशेष कार्यक्रमहरू, पर्दामा आफू उपस्थित नभएका कार्यक्रमहरू र वृत्तचित्र निर्माण/निर्देशनको चर्चा गरिएको छैन ।

२ सुटिङ खास गरी ठूलो पर्दाको चलचित्रका लागि प्रयोग हुने भए तापनि नेपालको सन्दर्भमा टेलिभिजनको आउटडोर रेकर्डिङलाई पनि सुटिङ भन्ने चलन छ ।

३ सुटिङका क्रममा संलग्न हुने प्राविधिकलगायत निर्माता, निर्देशकको टोलीलाई 'क्र्यु' भन्ने गरिन्छ ।

क्यारे ! म कार्यालयभित्र कार्यक्रम प्रस्तुत गर्न सक्ने व्यक्ति साबित भएँ । *साहित्य प्रभा*को पहिलो अङ्क प्रसारण भएलगत्तै अर्को एउटा साप्ताहिक कार्यक्रम प्रस्तुत गर्ने जिम्मा पनि दिइयो मलाई । उक्त कार्यक्रमको नाम थियो *कला र कलाकार* । हप्तामा दुई ओटा कार्यक्रम कसरी भ्याउने ? भन्ने प्रश्न गर्दा शुक्लले प्रतिप्रश्न गर्नुभयो, "यो उमेरमा काम नगरे कहिले गर्ने ?" उहाँले ढाडसका लागि त्यसो भने तापनि साँच्चै नै हप्तामा दुई ओटा कार्यक्रम बनाउन अत्यन्त गाह्रो थियो । नेपाल टेलिभिजनका प्रारम्भका दिनहरू भएकाले सीमित स्रोत र साधनबाट त्यसले आफ्ना कार्यक्रमहरू निर्माण/प्रसारण गर्ने गर्दथ्यो । सीमित स्रोत साधनभित्र बसी कार्यक्रम बनाउनुपर्ने भएकोले गाह्रो त थियो नै त्यसमाथि टिम लिडरका नाताले कार्यक्रम निर्माणको प्रमुख जिम्मेवारी लिनुपर्ने भएकोले निर्मातालाई थप गाह्रो हुन्थ्यो । हप्तामा दुई ओटा कार्यक्रम भएकाले एउटाको सुटिङ सक्दा नसक्दै अर्को कार्यक्रमको बारेमा सोच्नुपर्ने हुन्थ्यो । लगातार 'स्क्रीप्ट' लेखी स्टुडियोमा गई कार्यक्रमको स्टचाण्ड अप[४] गरी सम्पादनमा बस्नुपर्ने, काममा बस्दा खाने समयको टुङ्गो हुन्नथ्यो । हप्ता कसरी बित्यो पत्तै हुँदैनथ्यो । यद्यपि म त्यसमा रमाइरहेकी थिएँ । यही नै हो मेरो क्षेत्र, मैले यसमै लाग्नुपर्छ भन्ने अठोटसमेत लिइसकेकी थिएँ । २०४३ वैशाख २४ देखि प्रसारण सुरु गरिएको *कला र कलाकार*मा गोपालराज मैनाली, हरिहर शर्मा, कुमार बस्नेत, झलकमान गन्धर्व, सूर्यमाला शर्मा, हरिप्रसाद रिमाल, नरराज ढकाल, रवि शाह, प्रेमध्वज प्रधान, पाण्डव सुनुवार, शुभद्रा अधिकारी आदि कलाकारको जीवनशैली र कलाकारितालाई प्रस्तुत गर्ने अवसर पाएकी थिएँ । त्यस्तै साहित्य प्रभामा चाँदनी शाहको व्यक्तित्व र कृतित्वसम्बन्धी पुस्तक *आफ्नै आकाश आफ्नै परिवेश*को चर्चा, महाकवि देवकोटाका कवितामा कुमारबहादुर जोशीको विद्यावारिधि शोध प्रबन्ध, यदुनाथ खनालका समालोचकीय प्रवृत्ति, अनिवार्य नेपाली अभिमुखीकरण कार्यशाला गोष्ठी, *रूपरेखा* पत्रिकाको ३०० औं विशेषाङ्कको विमोचन, भूपि शेरचनसँगको कविताबारे कुरा, केदारमान व्यथितको व्यक्तिचित्र, युधीर थापाका औपन्यासिकता, कवि शिरोमणि लेखनाथ पौड्यालले प्रयोगमा ल्याएका सरसामानको जोहो, आदि जस्ता विषयहरूलाई कार्यक्रममा क्रमशः समावेश गरियो ।

आफूले जिम्मा लिएका दुइटै कार्यक्रममा उठाइने र उठाउनुपर्ने विषय र सहभागी गराइने व्यक्तिको बारेमा म प्रायः विश्वस्त नै रहन्थे तर कार्यक्रमको

---

४ कार्यक्रम प्रस्तोताले कार्यक्रम सञ्चालनको सिलसिलामा विषयवस्तु र सहभागी व्यक्तित्वलाई आफ्ना दर्शकमाझ परिचित गराउने कार्यलाई टेलिभिजनको भाषामा 'स्ट्याण्ड अप' भन्ने गरिन्छ ।

प्राविधिक पक्ष अथवा भनुँ सामग्रीलाई प्रस्तुत गर्ने विषयमा भने सिकारु नै थिएँ । अर्को शब्दमा भन्ने हो भने प्राविधिक पक्षका सम्बन्धमा अग्रज प्राविधिकहरूको सहयोग र सल्लाहमा निर्माण हुने ती कार्यक्रमहरूको निर्माता भनेर आफूलाई चिनाउन सक्ने अवस्था भइसकेको थिएन । सायद सोही कुराको महसुस गरी कार्यालयबाट मलाई कार्यक्रम उत्पादनसम्बन्धी एउटा तालिममा मनोनयन गरियो । इथाका कलेज अमेरिकाका प्रशिक्षकहरूले कार्यालयमै दिएको उक्त तालिमबाट कार्यक्रम उत्पादनका सैद्धान्तिक र व्यवहारिक पक्षहरूका बारेमा थुप्रै ज्ञान हासिल भयो । साथै, कार्यक्रम निर्माण एउटा जटिल र गम्भीर तथा जिम्मेवारीपूर्ण कार्य हो भन्ने महसुस गरायो । तालिमको सामग्री उत्पादन गर्ने क्रममा वर्ल्ड भ्यू इन्टरनेसनलमा कार्यक्रम सम्पादनको काम गर्ने बीना लामाले पु-याउनुभएको सहयोग, मप्रति देखाउनुभएको स्नेह र दिनुभएको मार्गदर्शन सदा स्मरणीय रहने छ ।[५] सम्पादनका लागि चाहिने आवश्यक उपकरणको अभावमा त्यो बेला तालिमसम्बन्धी सामग्री उत्पादनका लागि वर्ल्ड भ्यू इन्टरनेसनलको सहयोग लिनुपर्दथ्यो । सोही क्रममा बीनासँग मेरो परिचय भएको थियो । नेपाल टेलिभिजन भर्खरै स्थापना भएको हुँदा त्यहाँ कार्यरत हामी महिलाहरू एउटै स्तर र प्रायः सबै कोरा जस्ता नै थियौँ । त्यो स्थितिमा त्यही क्षेत्रकी एक व्यावसायिक महिलासँगको चिनाजानीले मलाई निकै गर्व महसुस भएको थियो । त्यसो त नेपाल टेलिभिजनमा कार्यरत अरू पुरुषहरूबाट पनि मैले धेरै नै सहयोग, स्नेह र मार्गदर्शन पाएकी थिएँ । त्यसमा कुनै शङ्का छैन । तर बीनाको सहयोग विशेष आत्मीय थियो । त्यसो हुनुको कारण स्पष्ट नै छ, हामी दुवै महिला थियौँ । दुवैको धरातल र परिवेश एउटै थियो । र सायद आकाङ्क्षा र सपना पनि ।

*साहित्य प्रभा* तथा *कला र कलाकार* कार्यक्रम पहिलाभन्दा स्तरीय बन्दै गयो । त्यसो हुनुमा तालिमको नै प्रमुख भूमिका थियो । तर त्यो कुरामा रम्न नपाउँदै आठ महिनापछि म अर्को तालिममा खटिएँ । नेशनल इन्स्टिच्यूट अफ मास कम्यूनिकेसन, ढाका, बङ्गलादेशमा दिन लागिएको उक्त तालिमको विषय थियो - प्लानिङ एण्ड प्रोडक्सन अफ टेलिभिजन प्रोग्राम्स फर वुमन्स डेभलपमेन्ट । ढाका जाने अघिल्लो दिन नीर शाह (नेपाल टेलिभिजनका तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक) ले मलाई भन्नुभएको थियो, "भविष्यमा महिला तथा युवाहरूका लागि पनि स्तरीय कार्यक्रम प्रसारण गर्नुपर्छ त्यसैले त्यो विषयमा तपाईंले सिकेर आउनुहोस् ।" सो तालिमले मलाई कार्यक्रमका विभिन्न ढाँचाहरूदेखि उत्पादनका

---

[५] बीना लामा अहिले कम्बोडियामा बीबीसी टेलिभिजनमा कार्यरत हुनुहुन्छ ।

अन्य पक्षहरूसँग परिचित गरायो । उक्त प्रशिक्षणबाट मैले कार्यक्रम निर्माणसम्बन्धी केही महत्त्वपूर्ण टिप्सहरू प्राप्त गरेँ:

क. टेलिभिजन माध्यम भनेको आधारभूत रूपमा प्रस्तुतीकरण हो । एउटा निर्माताले विषयलाई कसरी प्रस्तुत गर्दछन् त्यसमै कार्यक्रमको सफलता निर्भर हुन्छ,

ख. दर्शकले मेरो कार्यक्रम केवल एक पटकमात्र हेर्छन्, त्यसैले एउटै कार्यक्रममा आफ्नो भनाइ पूर्ण हुनुपर्दछ भन्ने सोचाइ राख्नु पर्दछ,

ग. टेलिभिजन कार्यक्रमले फराकिलो विषय समेट्नु हुँदैन, खास विषयसँग मात्र खेल्नु पर्दछ, आदि ।

एक महिनापछि काममा फर्कंदा *साहित्य प्रभा* तथा *कला र कलाकार*, *साहित्य र कला* नामको नयाँ कलेवरमा प्रसारण हुन थालेको रहेछ र त्यसको सञ्चालकमा कवि गगन विरही नियुक्त भइसक्नुभएको रहेछ । साहित्यकारले नै साहित्यिक कार्यक्रमलाई बढी न्याय गर्न सक्छन् भन्ने ठान्ने हुँदा मैले त्यसलाई राम्रो नै मानेँ ।

अर्कोतिर म महिला त हुँ नै, युवा जोश पनि छ मसँग, त्यसैले महिला र युवा दर्शकका निम्ति मैले बनाएको कार्यक्रम राम्रो नै हुनेछ भन्ने आत्मविश्वास पनि थियो । र, त्यो विश्वासलाई ढाकाको तालिमले मलजल गर्ने सम्भावना पनि उत्तिकै थियो । ढाकामै सिकेको आधारमा मैले *विकासमा नारी* कार्यक्रमको अवधारणा अगाडि सारे । त्यसलाई रुचाइयो र छिट्टै निर्माण गरी प्रसारण गर्ने योजना बन्यो । तर, एक दुई ओटा कार्यक्रम उत्पादन हुनासाथ त्यसलाई महत्त्वाकाङ्क्षी कार्यक्रमको संज्ञा दिन थालियो । किनकि नियमित रूपले नेपाल टेलिभिजनमा बन्ने अरू कार्यक्रमको भन्दा *विकासमा नारी*को लागत (सुटिङ समय, जनशक्ति, यातायात) बढी देखिन आयो । काठमाडौँ आसपासको गाउँमा गएर सुटिङ गर्नुपर्ने, एकदिनको सुटिङले नपुग्ने, सम्पादनमा बढी समय लाग्ने जस्ता मेरा मागहरू तर त्यसको आपूर्ति गर्न नसक्ने कार्यालयको बाध्यताले गर्दा *विकासमा*



*विकासमा नारी* कार्यक्रमको लोगोमा प्रयोग गरिएको क्याप्सन ।

*नारी* कार्यक्रम तीन महिनाभन्दा बढी प्रसारण हुन सकेन । कार्यालयको सीमितता र परिस्थितिलाई मैले पनि बुझ्नैपर्ने भएकोले त्यसमा प्रतिवाद गर्नु उचित ठानिनँ । यद्यपि तालिम लिएको विषयमा काम गर्न नपाउँदा नमीठो भने लागेको थियो । २०४४ जेठ १४ देखि प्रसारित *विकासमा नारी*का १२ ओटा शृङ्खला प्रसारण भए, त्यसको प्रतिक्रिया राम्रो थियो । केहीले कार्यक्रम निर्माणमा मेरो परिपक्वता देखिएको टिप्पणी गरेका थिए । महिला पनि विकासका मुद्दा हुन् भन्ने मुख्य 'थिम' मा ग्रामीण महिलाहरूलाई लक्षित गरी निर्माण गरिएको उक्त कार्यक्रमलाई निरन्तरता दिन म असमर्थ भएँ ।[६] महिला दर्शकहरूका निमित्त छुट्टै कार्यक्रम निर्माण गर्ने मेरो सपना अधुरो रह्यो ।

तर, मैले सपना देख्न छोडिनँ । फलतः जन्मियो *युवा क्षितिज* कार्यक्रम । *युवा क्षितिज* युवाहरूको आवाजलाई स्थान र महत्त्व दिने कार्यक्रम थियो र




*युवा क्षितिज* कार्यक्रमको लोगोमा प्रयोग गरिएको क्याप्सन ।

अन्तर्वार्तामा आधारित कार्यक्रम भएको हुँदा त्यसको उत्पादन पक्रिया सरल थियो । २०४४ असोज ६ देखि प्रसारण सुरु गरिएको उक्त कार्यक्रममा युवाहरूसँग प्रत्यक्ष सरोकारका विषयहरूलाई उठाइन्थ्यो । त्यसको चिरफार गरिन्थ्यो र युवाहरूबाटै निष्कर्ष र सुझाव सङ्कलन गरी सम्बन्धित निकायलाई घच्घच्याइन्थ्यो । मलाई लाग्छ युवा दर्शकहरूलाई लक्षित गरी निर्माण गरिएको नेपाल टेलिभिजनको त्यो नै पहिलो कार्यक्रम थियो । *युवा क्षितिज* कार्यक्रमको एउटा रमाइलो सन्दर्भ पनि छ मसँग । एकदिन कार्यालय जाँदा सिंहदरबारको भऱ्याङमा जम्काभेट हुन पुग्नुभएका तत्कालीन प्रधानमन्त्री मरीचमान सिंहले "दीपाजी ! तपाईंको कार्यक्रम राम्रो छ, अझ बढी युवाहरूका आवाजलाई बटुल्नुहोस्" भन्दा प्रधानमन्त्रीले

---

[६] यहाँ उल्लिखित *विकासमा नारी, जागृति* कार्यक्रमका केही सन्दर्भहरू गौतम (२०६३) मा उल्लेख गरिएको छ ।

समेत हाम्रा कार्यक्रमहरू हेर्दा रहेछन् भनी म छक्क र खुशी दुवै भएकी थिएँ । साथीहरूले मलाई त्यस कुराको लागि धेरै दिनसम्म बधाई दिएका थिए । हुन त आजका निर्माताहरूलाई जस्तो आफ्नो कार्यक्रम प्रसारण हुने बेलामा फोन वा एसएमएस गरी गरी 'कार्यक्रम हेर्नु है ?' भन्नुपर्ने स्थिति त्यो बेला थिएन । न त अहिलेको जस्तो आफ्नो कार्यक्रमको मार्केटिङ वा प्रायोजक खोज्दै हिँड्नुपर्ने बाध्यता नै त्यति बेला निर्माताहरूलाई थियो । नेपाल टेलिभिजनका कार्यक्रमहरू नहेर्ने र कार्यक्रम प्रस्तोता/निर्माता वा समाचारवाचकलाई नचिन्ने दर्शकहरू बिरलै थिए । कतिपय दर्शकहरूलाई त कार्यक्रममा संलग्न प्राविधिकहरूको नामसमेत कण्ठ हुन्थ्यो । सायद त्यो एकमात्र स्वेदशी टेलिभिजन च्यानलमा काम गर्न पाउनुको 'सुविधा' र 'गौरव' दुवै थियो ।

२०४४ असोज २० मा प्रसारित *युवा क्षितिज*मा दुर्गमबाट आई सहरमा बसेर पढ्ने विद्यार्थीहरूका आवाज समेटिएको थियो । सो कार्यक्रममा सहभागी विद्यार्थीहरूले अध्ययनको क्रममा काठमाडौँमा आई बस्दा आफूले भोगेका महङ्गी लगायतका समस्याहरू प्रस्तुत गर्दै आफ्नो जिल्लामा क्याम्पस हुनुपर्ने माग राखेका थिए । उक्त कार्यक्रमका बारेमा २०४४ असोज २५ मा 'सबै गाउँमा क्याम्पस ?' भन्ने शीर्षकमा ध्रुवकुमार देउजाको लेख *गोरखापत्र*मा छापियो ।[७] कार्यक्रमले समेटेको विषयवस्तु महत्त्वपूर्ण हुँदाहुँदै बहुपक्षको दृष्टिकोण नआएकाले कार्यक्रम एकाङ्गी भएको औँल्याउँदै देउजाले लेख्नुभएको छः

> हरेक गाउँ, जिल्लामा क्याम्पस खोल्ने कुरा वर्तमान यथार्थताका सन्दर्भमा कल्पना मात्र हुन सक्दछ । अब कल्पनाको विश्वबाट थप झट्का खानुभन्दा के कसो गर्दा युवाहरूमा नैराश्य, कुण्ठा र क्षोभहरू घट्न सक्दछ, नहुन सक्दछ भन्ने कुरामा हाम्रा शिक्षाविद्, योजनाविद् र जनप्रतिनिधिहरू के सोच्दैछन्, के सम्भव छ भन्ने कुरा पनि प्रसारमा आएको खण्डमा समस्यासम्बन्धी छलफल, प्रश्नोत्तर बढी लाभप्रद हुने कुरा अस्वीकार गर्न सकिन्न । नेपाल टेलिभिजनले यस दिशामा पनि गहकिलो योगदान दिन सक्ने विश्वासबाटै यो टिप्पणी प्रेरित छ (धुकुदे २०४४) ।

कुनै पनि विषयलाई बहुपक्षीय दृष्टिकोणले प्रस्तुत गर्नुपर्छ भन्ने मुख्य सुझाव भएको उक्त लेख पढेपछि म त्यसपछिका *युवा क्षितिज* कार्यक्रममा सहभागी छान्ने सन्दर्भमा बढी सतर्क हुन थालेँ र त्यसमा विविधता खोज्न थालेँ । नेपाल टेलिभिजनको

---

[७] ध्रुवकुमार देउजाको सो लेख 'धुकुदे' नामबाट प्रकाशन भएको छ ।

पर्दामा देखिने प्रस्तोता र तिनका प्रस्तुतिको सकारात्मकभन्दा बढी नकारात्मक सतही टिप्पणी पत्रपत्रिकामा आइरहेको सन्दर्भमा ध्रुवकुमार देउजाको सो प्रतिक्रिया पूर्णतया: विषयवस्तुमा आधारित रचनात्मक थियो ।

*युवा क्षितिज*मा सहभागी हुन मैले निम्ता गरेका युवाहरूलाई म आज पनि यदाकदा भेट्ने गर्छु । ती पनि मेरा प्रेरणाका स्रोतहरू हुन् । रेकर्डिङमा आएका बखत तिनले मलाई प्रशस्त मात्रामा 'फिडब्याक' दिने गर्दथे । न ती चित्त नबुझेको (कार्यक्रमसम्बन्धी) कुरा भन्न अप्ठ्यारो मान्थे, न मन परेको कुराको प्रशंसा गर्न कन्जुस्याइँ गर्थे । तीमध्ये अञ्जली शेरचन, भरत पाठक, समा राजभण्डारी, जीवनराम पोखरेल, हिरा तुलाधर, प्रज्वल अर्याल, भरत थापा, बुद्धवीर लामा, कृताञ्जली भण्डारी, भूपहरि पौडेल, निलिमा शर्मा, सुजन नेपाल, शारदा ज्ञवाली, राजेन्द्र चोथाले आदिको त्यति बेलाको फोन नं. मेरो पुरानो डायरीमा अझै पनि सुरक्षित नै छ ।

## पहिलो करेन्ट अफेयर्स: आठ बजे

२०४४ साल मङ्सिरदेखि म *आठ बजे* कार्यक्रम निर्माण गर्ने समूहमा पनि खटिएँ । यता *युवा क्षितिज* कार्यक्रमको निर्माण/प्रसारण पनि एक वर्ष अघिदेखि निरन्तर नै थियो । समसामयिक विषयको समाचारमूलक प्रस्तुति *आठ बजे* कार्यक्रम मुख्यतया: राजनीतिक र सामाजिक विषयमा निर्माण हुने गर्दथ्यो । नेपाल टेलिभिजनमा खास गरी समाचार शाखामा कार्यरत टोलीलाई विदेशी विशेषज्ञहरूद्वारा प्रशिक्षण दिलाई उक्त 'करेन्ट अफेयर्स' कार्यक्रमको अवधारणालाई अगाडि सारिएको थियो । सोही प्रशिक्षणको परिणाम थियो, *आठ बजे* कार्यक्रम । म उक्त प्रशिक्षणमा सहभागी थिइनँ तर दैनिक रूपमा कार्यक्रम प्रसारण हुने हुँदा त्यसको उत्पादन/प्रस्तुत गर्ने जनशक्तिको अभाव हुन थालेपछि मलगायत, मृदुला कोइराला, अमुदा श्रेष्ठ आदि पनि त्यसको लागि खटियौँ ।

समाजका जल्दाबल्दा विषय र त्यसको आक्रामक प्रस्तुति *आठ बजे*का कार्यक्रमको विशेषता थिए । घण्टाघरको घण्टीले आठ बजाएको दृश्य र सुईको ध्वनि सुनिने लोगोसँगै *आठ बजे* कार्यक्रमको प्रसारण सुरु हुने गर्दथ्यो । अन्तर्वार्तामा आधारित उक्त कार्यक्रम त्यसबखत नेपाल टेलिभिजनको सर्वाधिक लोकप्रिय साथै विवादास्पद कार्यक्रममा समेत गनिन्थ्यो । विजयकुमार पाण्डे कार्यक्रम *आठ बजे* समूहका प्रमुख हुनुहुन्थ्यो । कार्यक्रम हरेक दिन प्रसारण गर्नुपर्ने हुँदा समूहका हामी सबै टेन्सन र रफ्तारमा हुन्थ्यौँ । समसामयिक विषयमा कार्यक्रम बन्ने हुँदा धेरैजसो उही दिन सुटिङ र सम्पादन गरी प्रसारण गरिन्थ्यो । कहिलेकाहीँ प्रसारण हुन ३० सेकेण्ड अघिसम्म पनि कार्यक्रम प्रसारणका लागि कन्ट्रोल रुममा




२०४४ मङ्सिर ८ मा कार्यक्रम *आठ बजे*को उद्घोषणको रेकर्डिङका क्रममा दीपा गौतम, पृष्ठ भागमा सिंहदरबार (सौजन्य: दीपा गौतम)।

नपुगेको रेकर्ड छ अर्थात् कार्यक्रम निर्माण भइसकेपछि एकपटक सरसर्ती हेर्नसमेत भ्याइँदैनथ्यो। किनकि त्यसरी हेर्नका लागि कम्तीमा २० मिनेटको समय लाग्दथ्यो भने उता 'अन एयर' गर्ने समय, तीन वा चार मिनेट मात्र बाँकी रहेको हुन्थ्यो। कार्यक्रमको प्रसारण नसकिउञ्जेल स्टुडियोमै रहने हामी कार्यक्रम 'अन एयर' मा गएपछि ढुक्क भई लामो सास लिन्थ्यौँ। समयमै कार्यक्रम निर्माण भएको खण्डमा (त्यस्तो विरलै हुन्थ्यो) नीर शाह स्वयंले त्यसको सेन्सर गर्नुहुन्थ्यो अन्यथा सेन्सर पनि अन एयरमै हुन्थ्यो भन्नु अतिशयोक्ति नहोला। यदाकदा घरमा बसी कार्यक्रम हेरिरहनुभएका नीर शाहको खप्की फोनबाटै पनि खाइन्थ्यो। अरूको तर्क/दलील उति नरुचाउनुहुने नीर शाहका कुरा त्यति बेला चुपचाप सुन्नुबाहेक अरू उपाय हुँदैनथ्यो।

एकपटक 'पशुपतिस्थित वृद्धाश्रममा बस्ने वृद्धवृद्धाहरूको अवस्था' सम्बन्धी सुटिङमा एक वृद्धाले क्वाँ क्वाँ रुँदै "मेरो नरो बन्दरो कोही छैन" भन्दा माइक समातेर अन्तर्वार्ता लिइरहेका बेला मेरो आँखाबाट बरबरी आँशु झरेको थियो। उक्त दृश्यलाई छायाङ्कन गरिरहनुभएका अग्रज क्यामरापर्सन अशोकरत्न तुलाधरले क्यामरा बन्द गरी "पत्रकारहरू कहिल्यै त्यसरी भावनामा बग्नु हुन्न" भनी सम्झाउनुभएको थियो। रुसबाट सेल्युलाइड क्यामरालगायत टेलिभिजन उत्पादनमा

विशेषज्ञता हासिल गर्नुभएका तुलाधर हामीलाई त्यस किसिमका टिप्सहरू यदाकदा दिइरहनुहुन्थ्यो । वृद्धाश्रमसम्बन्धी उक्त कार्यक्रमबारे *साप्ताहिक विमर्श*मा कमेन्ट छापियो । 'कन्सुत्ले' नामक स्तम्भमा छापिएको उक्त कमेन्टमा ८०



कन्सुत्ले

२०४५ मार्ग ८ गते साँझ नेपाल टेलिभिजनको ८ वजे कार्यक्रममा दिपा गौतम र विजय कुमारले पशुपति को वृद्धाश्रममा बसेका ८० वर्षका बुढाबुढीसँग कुरा कानी गर्दा "तिम्रीहरुका आमा बाबु छैनन ?" भनि प्रश्न सोधेको सुनेर उनीहरुको खोपडा प्रति कन्सुत्लेलाई दया लाग्यो ।

वर्षका वृद्धवृद्धालाई "तिमीहरूका बाबुआमा छैनन् ?" भन्ने प्रश्न सोधिएको भनी प्रश्नकर्ताको खोपडीप्रति दया लागेको कुरा उल्लेख छ (हेर्नुहोस् तस्वीर) ।

सञ्चारमाध्यमबाट यदाकदा त्यस किसिमका त्रुटिहरू प्रसारण/प्रकाशन भई नै रहेका हुन्छन् । निश्चय नै त्रुटिहरूलाई सच्याएर प्रसारण गरिनुपर्दछ । *आठ बजे* जस्ता कार्यक्रमको सन्दर्भमा त्यस्ता त्रुटिहरूको सम्भावना अरू बढी नै हुने गर्दथ्यो । तर, आफ्नो कार्यक्रमलाई त्यसरी गहिरिएर हेरी/सुनी कमेन्ट प्रकाशितसमेत गरेकोमा हामी 'कन्सुत्ले' प्रति आभारी भयौँ ।

*आठ बजे* कार्यक्रमको 'ओरियन्टेसन' मा हामी सबैलाई 'अलि छिटो र जोड दिएर बोल्नू' भन्ने निर्देशन थियो । फलतः हामी सोहीअनुसार पर्दामा प्रस्तुत हुन्थ्यौँ । विषयलाई महत्त्व दिनका लागि, विषयप्रति दर्शकको उत्सुकता जगाउनका लागि वा नयाँ शैलीको विकासका लागि त्यसो भनिएको हुनुपर्दछ । एक पटक ठेलागाडावालको ज्यालासम्बन्धी विषयको मेरो प्रस्तुतिलाई लिएर कुनै पत्रिकामा प्रतिक्रिया छापियो । पत्रिकाले मेरो प्रस्तुतिमा विजयकुमारको शैलीको प्रभाव परेको कुरा उल्लेख गर्दै 'आक्रामक आवाज महिलालाई शोभा दिँदैन' भनी मैले आफ्नो आवाजलाई 'सफ्ट' बनाउनुपर्ने कुरा उल्लेख थियो (हेर्नुहोस् तस्वीर पृ. ३४७) ।



## आठ बजेकी दीपा

दीपा गौतम जब 'ग्राठ बजे' चलाउनु हुन्छ, लाग्दछ, विजय कुमारको छायाँ उनको ग्रासपास नै कतै हुन्छ । यो खराब कुरा हो। विजय कुमारको ग्राक्रामक ग्रावाज विजय कुमारलाई शोभा दिन्छ, कुनै महिलालाई होइन । के उनी ग्रापनो ग्रावाजलाई ग्रलि 'सफ्ट' बनाउन सक्दिनन्? हुन त पहिलेका केही महिला पनि विजय कुमारको शैलीले ग्राक्रान्त थिए। त्यति मात्र होइन, कोही कोही त ग्रन्य कार्यक्रम चलाउँदा पनि विजय कुमारकै शैली ग्रंगाल्दछन् । यसले सबै विजय कुमार हुँदैनन्, यो कुरा दीपा गौतमलाई पनि थाहा हुनु पर्दछ । उनले ग्रापनै शैली विकसित गर्नु पर्दछ । ग्रनि ग्रर्को कुरो, उनले छानेको विषय त राम्रै हुन्छ, तर कहिले कहीं हतारमा 'क्वेश्चनेयर' तयार गरिएको हुन्छ र एकै प्रकारको 'स्टिरियो टाइप' प्रश्न सुन्दा सुन्दा दर्शक पट्यार मात्र थाल्दछन् । जस्तो केही दिन ग्रघि 'ठेलागाडावाल' को ग्रन्तर्वार्तामा भयो । विषय राम्रो थियो, तर प्रश्न एकै किसिमको । जवाफ दिने मानिसहरूमा 'पुग्दैन' भन्नेहरू हुनु स्वाभाविक हो । तर एक जनाले एक दिन रू. २००।– कमाएको थाहा पाएपछि दीपा गौतमले सोध्नु पर्थ्यो, त्यो कुन कुरा हो, जसले कुनै दिन २००।– कमाउने र कुनै दिन 'ठेला' को भाडा तिर्न पनि नपुग्ने हुन्छ ? प्रायः सबैले साहुकै ठेला भाडामा लिएको देखियो । तर १५–२० हजार जम्मा गरेर पनि 'ठेला' किन्नमा लगानी गर्न नचाहेको देखियो, त्यसमा केरकार गर्नु पर्ने ? ग्रझ सबै दर्शकले जान्न खोजेको कुरा के थियो भने, २–३ जना मिलेर ठेला चलाउँदछन् । त्यसमा कमाईको बाँडफाँड कसरी हुन्छ ? २–३ जना कसरी मिल्न पुग्छन् र साहुले के–कस्ता ग्राधारमा नयाँ 'चालक' लाई ठेला दिन्छ ? के यी प्रश्नहरूको उत्तर मागेको भए, कार्यक्रम हुँदैन थियो ?

★ 卐 ★

पत्रकारिता जगतका सचेतहरूले समेत यसरी महिला र पुरुष प्रस्तोतालाई दोहोरो मापदण्डले हेर्नु स्वयंमा शोभनीय कुरा थिएन । त्यो रचनात्मक कमेन्ट नभई घरकी छोरी/बुहारीलाई झैँ महिला पत्रकारलाई तह लगाउन खोजिएको जस्तो मलाई महसुस भयो । यद्यपि कमेन्टमा कार्यक्रममा एकै किसिमका प्रश्न रहेको र आफ्नै किसिमको शैली विकसित हुनुपर्ने सुझावहरू भने मननीय थिए ।

जेहोस्, *आठ बजे* कार्यक्रमले मलाई समाचारको मूल्य, टिमवर्क र समय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान र सीप दिलायो जुन मैले एक्लै कार्यक्रम निर्माण गर्दा अनुभव गर्न उति पाएकी थिइनँ । *आठ बजे* कार्यक्रम करिब दुई वर्ष चल्यो । मैले डेढ वर्ष त्यसमा काम गरेँ ।

### व्यावसायिकतातर्फ

मलेसियाको एसिया प्यासिफिक इन्स्टिच्यूट फर ब्रोडकास्टिङ डेभलपमेन्ट (एआइबीडी) र टुन अब्दुल रजाक ब्रोडकास्टिङ इन्स्टिच्यूट (इप्तार) एसियाली रेडियो तथा टेलिभिजनकर्मीहरूका लागि त्यससम्बन्धी ज्ञान र सीप आर्जन गर्ने उर्वर थलो हो । गरीब मुलुकका रेडियो तथा टेलिभिनजकर्मीहरू एकै पटक युरोप, अमेरिका तथा जापान जस्ता अति विकसित देशबाट प्रशिक्षित भई फर्केर

त्यससम्बन्धी आफ्नो देशमा काम गर्न थाल्दा काम गर्ने शैलीलगायत प्रविधिमा पनि आकाश जमीनको अन्तर हुने र तिनलाई हीनताबोध हुने, त्यो वातावरणमा काम गर्न नसक्ने जस्ता समस्याहरू देखिन्छन्, देखिरहेका पनि छन् । दक्षिण एसियाली मुलुकहरूभन्दा मलेसिया सबै दृष्टिले सम्पन्न भए तापनि त्यहाँको रेडियो तथा टेलिभिजनमा काम गर्ने शैली/वातावरण युरोप/अमेरिकाको जस्तो छैन । तसर्थ मलेसियाबाट प्रशिक्षित रेडियो वा टेलिभिजनकर्मीले आफ्नो देशमा प्रयोग गर्न सकिने वा व्यवहारमा लागू गर्न सकिने किसिमको ज्ञान र सीप पनि सिकेर आउँछन् । त्यसैले एआइबिडी वा इप्तारबाट प्रशिक्षित जनशक्तिहरू सैद्धान्तिक मात्र नभई व्यावहारिक दृष्टिले पनि परिपक्व हुन्छन् भन्ने गरिन्छ । नेपाल टेलिभिजनका अधिकांश प्राविधिक जनशक्तिहरू यी दुई संस्थाबाट प्रशिक्षित भएका छन् । मैले पनि सन् १९९० मा इप्तारबाट टेलिभिजन निर्माण र निर्देशनको कोर्स गर्ने मौका पाएँ । कोर्सका क्रममा प्रशिक्षकहरू त्यो बेलासम्म पनि दक्षिण एसियाको प्रसारण पत्रकारिता ध्वनि, दृश्यमा भन्दा 'कलम' मा निर्भर रहेको बताउँथे ।

तिनका कुराहरू धेरै हदसम्म सही थिए । रेडियोको त म जान्दिनँ तर टेलिभिजनका सन्दर्भमा भने त्यति बेलासम्म एउटा गतिलो लेख्य स्क्रिप्ट तयार भएपछि टेलिभिजन कार्यक्रम वा वृत्तचित्र निर्माणको धेरै काम सकिएको महसुस गरिन्थ्यो । जबकि त्यसलाई कामको सुरुआतसमेत भन्न नमिल्ने रहेछ । इप्तारको कोर्समा प्रशिक्षकहरू टेलिभिजनमा मानवीय मन, मस्तिष्क र संवेदनालाई एकसाथ प्रभाव पार्ने शक्ति रहेको कुरा बताउँथे । त्यस्तै क्यामेराको असीमित शक्ति र त्यसका विविध आयाम र सम्भावनाहरूका कारण टेलिभिजन सञ्चारको प्रभावकारी माध्यम बनेको कुरा गर्दथे । सोही सिलसिलामा मैले दृश्यको माध्यमबाट कसरी कथा बनाउने ? अर्थपूर्ण र अर्थहीन दृश्यहरू के हुन् ? कमजोर दृश्यलाई कसरी बलियो बनाउने ? जस्ता कुराहरू सिकेँ । टेलिभिजन कार्यक्रमका लागि त्यस अघिसम्म 'स्क्रिप्ट' लेखनमा अधिकांश समय बिताएको मलाई निरर्थक लाग्यो । र, टेलिभिजनमा क्यामेरा नै दर्शकको आँखा भएको हुँदा त्यसको नै सक्दो प्रयोग गरी आफूले भन्न लागेको कुरालाई कल्पनाशील दृश्यका माध्यमबाट भन्नमा खर्चिनुपर्ने रहेछ भन्ने बोध भयो । यद्यपि त्यति बेलासम्म नेपाल टेलिभिजनबाट नियमित रूपमा प्रसारण हुने अधिकांश कार्यक्रमहरू अन्तर्वार्तामा आधारित हुन्थे जसमा दृश्यको प्रधानता रहन्नथ्यो वा रहने भए पनि आवश्यक ठानिँदैनथ्यो ।

मलेसियाबाट फर्केर मैले *सँगालो* कार्यक्रम निर्माण/प्रस्तुत गरेँ । १०/१० मिनेटमा दुई ओटा विषयलाई प्रस्तुत गरिने यो भिडियो पत्रिका थियो । आफूले

उठाउन लागेको विषय दर्शकको चासो र रुचिको विषय हो वा होइन ? त्यसले प्रवाह गर्ने सूचना/शिक्षा/जानकारीप्रति दर्शक जिज्ञासु हुनसक्छन्, सक्दैनन् ? विषय सामयिक र सान्दर्भिक हो वा होइन ? वा आफू दर्शक भएर त्यो विषयको कार्यक्रम हेरिन्छ वा हेरिँदैन ? विषयसँग सम्बन्धित दृश्य र जानकारीहरू आवश्यक मात्रामा उपलब्ध हुन्छन् वा हुँदैनन् ? जस्ता कुराहरूलाई विचार पुऱ्याई कार्यक्रमको सुटिङ गरिन्थ्यो । एउटा निर्माताले कार्यक्रम निर्माण गर्नुअघि आफैँसँग विश्वस्त हुनुपर्ने यी कुराहरू पनि मैले इप्पारकै प्रशिक्षकहरूबाट सिकेकी थिएँ । त्यसबाहेक आफ्नो प्रस्तुतिको मुख्य सन्देश के हो ? प्रस्तुतीकरणमा मौलिकपन छ कि छैन र पत्रकारिताको सामान्य सिद्धान्तअनुसार के, किन, को, कहाँ, कहिले र कसरी (पाँच डब्लु र एक एच) को जवाफ दिन्छ/दिँदैन भन्ने आधारभूत कुरा त दिमागमा हुन्थ्यो नै ।

धरहरा अगाडिको अव्यवस्थित बसोबास र फोहोरको डङ्गुर, बौद्धका भट्टीहरूको अवस्था, पशुपंक्षीप्रतिको निर्मम व्यवहार, मालपोत कार्यालयको ढिलासुस्ती, नेपाली ढाकाको व्यापार आदि जस्ता विषयहरू उक्त कार्यक्रममा उठाइएको सम्भना छ । २०४७ पुसदेखि प्रसारित *सँगालो* कार्यक्रम करिब दुई वर्षसम्म सञ्चालन भएको थियो ।[८]

२०४८ सालदेखि सञ्चालित *चिन्तन-मनन* कार्यक्रम कति ओटा अङ्क उत्पादन/प्रस्तुत भयो त्यसको अहिले हेक्का छैन, न त रेकर्ड नै पाइन्छ । लोगोमा पुरुषै पुरुषको टाउको घुमेको दृश्य रहेको उक्त कार्यक्रमको आरम्भको सन्देश नै 'पुरुषहरू मात्र चिन्तन मनन गर्छन्' भन्ने थियो । हुन पनि त्यस अघिसम्म पुरुषहरूले मात्र सञ्चालन गर्ने गरेको सो कार्यक्रमको जिम्मा मैले पाउनु पनि आश्चर्यको कुरा थियो । "*चिन्तन मनन* कार्यक्रम अबदेखि तपाईंले गर्ने" भन्दै पर्सिपल्टको रेकर्डिङका लागि प्रस्तावित व्यक्तिहरूको नामसहित त्यति बेलाका कार्यक्रम महाशाखाका निमित्त प्रमुख गोकुल सिंह खत्री मकहाँ आउनुभएको थियो । त्यस बेला म एकदिने विदामा घर बसेकी थिएँ । पहिलो *चिन्तन मनन*को विषय थियो, 'प्रजातन्त्रप्रेमी राजा वीरेन्द्र' । बहुदलीय व्यवस्थामा राजा झन् लोकप्रिय छन् भन्ने निक्यौंल निस्केको उक्त कार्यक्रम राजाकै जन्मोत्सवको बेला पारी प्रसारण गरिएको सम्भना छ ।

---

[८] त्यसबखत नेपाल टेलिभिजनबाट *गीताञ्जली, विश्वघटना, चिन्तन मनन, अभिव्यक्ति* जस्ता कार्यक्रमबाहेक अन्य शैक्षिक र सूचनामूलक कार्यक्रमको औसत आयु बढीमा २ वर्ष हुने गर्दथ्यो ।

समाजलाई आफ्नो क्षेत्रबाट ठूलो योगदान दिएका तर प्रचार प्रसारबाट पर रहेका (र रहन चाहने) व्यक्तिहरूलाई *प्रेरणा* कार्यक्रमले समेट्ने गर्दथ्यो । आफूले उत्पादन/निर्देशन गरेको चित्त बुझ्दो कार्यक्रमहरूको चर्चा गर्नुपर्‍यो भने म *प्रेरणा* को पनि नाम लिने गर्दछु । किनकि त्यस किसिमका व्यक्तिहरू मेरो आफ्नो पनि रुचिका व्यक्तिहरू हुन् । २०५० वैशाख ३ गतेदेखि साप्ताहिक रूपमा प्रसारित उक्त कार्यक्रममा सेवइलाल चौधरी, मगर भाई, तारापद चौधरी, राम गोविन्द महर्जन, भूवन सिंह विश्वकर्मा, तेजरत्न शिल्पकार, मेजर भारती गुरुङ, साधना प्रधान, नयराज पन्त, राममाया नेपाली, मङ्गलबहादुर श्रेष्ठ, मोहनलाल बाराही, किरण मास्के, रविन्द्र बस्नेत, विष्णुराज ओझा, गङ्गानाथ बास्तोला, कान्छा बुद्ध बज्राचार्य, सिंहबहादुर प्रजापति, महेशचन्द्र रेग्मी, हरिभक्त सिटौलालगायत अन्य व्यक्तिहरूको जीवनी, कृतित्व र व्यक्तित्वको चर्चा गरिएको थियो ।

रुख विरुवा रोपेर सुनसरीलाई हरियो बनाउने अभियानमा जुट्नुभएका सेवइलाल चौधरी, काठमाडौँ उपत्यकाका ढल, तिनको संरचना र निकासमा निपुण मगर भाइ, नेपाली जडिबुटी र औषधिविद् गङ्गानाथ बास्तोला, अनुसन्धाता महेशचन्द्र रेग्मी, दक्षिणी ध्रुवमा पुग्ने रवीन्द्र बस्नेत, नेपालका गुठीहरूका ज्ञाता मङ्गलबहादुर श्रेष्ठ, इतिहासकार नयराज पन्त, १९९७ सालका सहिदहरूलाई जेलमा थुनामा परेका बेला सेवा गर्ने राममाया नेपाली, दोस्रो विश्वयुद्धका योद्धा भारती गुरुङका जीवनी र जीवनगाथालाई दर्शकहरूले अत्यधिक रुचाएका थिए । प्रचारमा नआएका ती व्यक्तिहरूलाई *प्रेरणा*ले जनमानस र सरकारका सामू उभ्याएर चर्चामा ल्याइदियो । सेवइलाल धमाधम वातावरण संरक्षणसम्बन्धी पुरस्कारहरू सम्मानित हुनुभयो । मगर भाइले राष्ट्रिय युवा कोषबाट युवा पुरस्कार पाउनुभयो ।

'बुद्धिमान मानिसले आफूलाई नै गाली गर्छ' भन्ने र अनुसन्धानको विशालताका अगाडि आफ्नो कामलाई अत्यन्त सानो ठान्नुहुने महेशचन्द्र रेग्मीसँगको सुटिङको बेला उहाँलाई अति सकस भएको मलाई सम्झना आउँछ । देशको अर्थ व्यवस्था र भूमि व्यवस्थाको अनुसन्धानमा लीन हुनुभएका रेग्मीलाई टेलिभिजनको सुटिङले काममा बाधा परिरहेको र केही झिँजो मानिरहेको महसुस मैले उहाँको अनुहार पढेर गरेकी थिएँ । आफ्नो नामको अगाडि 'एक्सपर्ट' को बिल्ला लगाउन नचाहने, देशका पद, प्रतिष्ठा, आफ्नो मानसम्मान र पुरस्कारप्रति कुनै लोभमोह नराख्ने, विकासको नाममा देशमा भइरहने गोष्ठी, सेमिनारका कट्टर विरोधी रेग्मीलाई मनपर्ने भन्दा मन नपर्ने कुरा धेरै थिए । टेलिभिजन कार्यक्रमको सुटिङको क्रममा

उहाँले देखाउनुभएको अप्ठ्यारोपनले मलाई पनि निकै अप्ठ्यारो महसुस भएको थियो। त्यस्तै अप्ठ्यारोपनको महसुस मलाई नयराज पन्तसँगको सुटिङको क्रममा पनि भएको थियो। मैले टेलिभिजनमा अन्तर्वार्ता लिएका व्यक्तिहरूमध्ये 'अडियल' (अप्ठ्यारा) व्यक्तिहरूको नाम लिनुपरे म यी दुई जनाको नाम लिन्छु। मलाई लाग्छ यी दुई महान् व्यक्ति 'विद्वान मान्छे सरल हुन सक्दैनन्' भन्ने कुराको ज्वलन्त उदाहरण हुन्।

सिंहबहादुर प्रजापति भक्तपुरका कुम्हाल हुनुहुन्थ्यो। कार्यक्रममा उहाँले अहिले पनि नेपालमा जुद्धशमशेर महाराजाले शासन गरिरहेको कुरा भन्दा भक्तपुरका बासिन्दाहरू कति 'निश्छल' रहेछन् भन्ने महसुस भएको थियो। अग्रज पत्रकार ध्रुवहरि अधिकारीले मलाई सिंहबहादुर प्रजापतिको अन्तर्वार्ता आफूलाई अत्यन्त रोचक लागेको बताउनुभएको थियो।

राममाया नेपालीलाई २०५० असोज ४ गते प्रथम पटक टेलिभिजनमा प्रस्तुत गर्दा नेपाल टेलिभिजनलाई धेरैले धन्यवाद दिए। उहाँको अति साधारण व्यक्तित्व र सहज कुराकानीप्रति मानिसहरू मोहित भए र *प्रेरणा*मार्फत उहाँको योगदान जनसमक्ष उजागर भयो। सर्वोच्च नेता गणेशमान सिंहले उहाँलाई भेट दिएको र थुप्रै नेताहरू उहाँको डेरा खोज्दै पुगेको खबर सुनियो। राममायालाई टेलिभिजनमा देखाइएको श्रेय भने म राजेश मिश्रलाई दिन चाहन्छु। किनकि मिश्रले राममायाको बारेमा *देशान्तर*मा लेखेको लामो लेख पढेर नै म प्रभावित भई राममाया समक्ष पुगेकी थिएँ। राजेशले पनि उहाँलाई राम्रो 'स्पेस' दिनुभएको थियो। तर, टेलिभिजनबाट उहाँलाई सशरीर प्रस्तुत गरियो। राममायाका कुरा उहाँकै मुखबाट सुन्न पाइयो। त्यसैले सो कार्यक्रमले बढी चर्चा पायो। सायद, श्रव्यदृश्य सामग्रीले एउटा पत्रिकाले देखाउन नसकेको करामत देखाएको थियो। *प्रेरणा* कार्यक्रम एक वर्ष चल्यो। एक वर्षसम्म त्यस किसिमका व्यक्तिहरू कसरी जुटे होलान् ? आज सम्झँदा आश्चर्य लाग्छ।

## जागृतिः व्यापक रेस्पोन्स पाएको कार्यक्रम

२०५० सालको माघमा तपनाथ शुक्लले मलाई भन्नुभयो, "महिला दर्शकलाई लक्षित गरी एउटा कार्यक्रमको परिकल्पना गर्नुस्, यसपालि 'प्लान वे' मा जानुपर्छ।" त्यतिखेरसम्म उहाँ संस्थानको महाप्रबन्धक भइसक्नुभएको थियो। यता मेरो मनमा *विकासमा नारी* निरन्तर नभएको तुष अझै बाँकी नै थियो त्यसैले उहाँको प्रस्तावलाई सहर्ष स्वीकार गरेँ। नयाँ कार्यक्रमको बारेमा धेरै दिन गम खाएँ, खुब सोचेँ र केही व्यक्तिहरूसँग सरसल्लाह पनि गरेँ। कार्यक्रमको

विषय र ढाँचा दुवै नयाँ होस् भन्ने मेरो सोचाइ थियो । र, मैले परिकल्पना गरेको कार्यक्रम नेपाल टेलिभिजनमा त्यसअघि निर्माण हुने गरेका महिला कार्यक्रमभन्दा अलग हुनुपर्दछ भन्ने कुरामा म बढी सतर्क थिएँ । सफल व्यक्तित्वको चिनारी, जीवनी, सफलताका कथाहरू, कुनै पेसा वा क्षेत्र विशेषमा संलग्न महिलाहरू तिनका पीडा व्यथा जस्ता विषय र अन्तर्वार्तामूलक प्रोफाइल, डकुड्रामा, वृत्तचित्र जस्ता ढाँचाहरूभन्दा अलग कुराको खोजीमा म थिएँ ।


त्यही सन्दर्भमा मेरो मनमा महिलासम्बन्धी प्रश्नहरू (इस्यु) लाई उठाउन सके कस्तो हुन्छ होला ? ती प्रश्नहरूलाई टेलिभिजनबाट चिरफार गर्न सके कस्तो होला ? सवालहरू पर्याप्त मात्रामा पाइएलान् ? त्यसमा बोल्न सक्ने व्यक्तिहरू हप्तै पिच्छे जुट्लान ? आदि कुरा र आशङ्काहरू एकैसाथ उठे । तर, देशमा प्रजातन्त्रको पुनर्स्थापना भई बहुदलीय व्यवस्था आइसकेकोले व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता चुलिएको अवस्था थियो त्यो । महिलाहरू पनि राजनीतिलगायत धेरै क्षेत्रमा अगाडि आइरहेका थिए । महिला हक, अधिकारका चर्चा परिचर्चा, टिप्पणी, समीक्षा रेडियो र पत्रपत्रिकामा प्रशस्त सुन्न पढ्न पाइन्थ्यो । त्यसैले मैले महिलाका सवालहरूमा केन्द्रित रहेर 'टक शो'[९] गर्ने निर्णय गरेँ ।

त्यही अनुसार कार्यक्रमको प्रस्ताव लेखि *जागृति* नाम जुराई म महाप्रबन्धक तपनाथ शुक्ल समक्ष पुगेँ । शुक्ल निकै उत्साहित हुनभयो र भन्नुभयो, "ल ! तुरुन्तै गर्ने ! वैशाखदेखि तपाईंको कार्यक्रम 'अन एयर' जानुपर्छ ।" विषयसँग सम्बन्धित वक्ताहरू नजुट्ने आशङ्कामा सुरुमा कार्यक्रम पाक्षिक रूपमा प्रसारण गर्ने निर्णय भयो । उहाँले लगत्तै *जागृति*का निम्ति 'सेट' निर्माणका लागि निर्देशन दिनुभयो । कार्यक्रमको 'लोगो' बनाउनेमा स्टुडियो निर्माता सूर्यमान रञ्जित र प्रविधि निर्देशनमा नारायण श्रेष्ठ खटिनुभयो । लोगोमा बज्ने जिङ्गल/म्युजिकका लागि मैले 'सूरसुधा' को टोलीलाई आग्रह गरेँ । *जागृति* कार्यक्रमको पहिलो दुई ओटा शृङ्खलामा 'पैतृक सम्पत्तिमा छोरीको हक' विषयमा बहस गरिएको थियो । २०५१ वैशाख १६ र २४ गते क्रमशः ती शृङ्खलाहरू प्रसारित भए । नयाँ किसिमको कार्यक्रम, समसामयिक विषय र प्रखर वक्ताहरू (शान्ता थपलिया, गणेशराज शर्मा, सिलु सिंह आदि) को कारणले दुवै शृङ्खलाको प्रशंसा भयो । दुई ओटा शृङ्खला प्रसारण हुनासाथ *जागृति*मा सहभागी हुन चाहने र *जागृति*मा उठाउनुपर्ने विषयमा सल्लाह दिन खोज्ने महिलाहरूको ओइरो लाग्यो । महिला

---

[९] सामान्यतयाः 'टक शो' एक व्यक्तिसँग गरिन्छ । अन्तर्वार्ता दिने व्यक्ति बढी महत्त्वपूर्ण हुने र तुलनात्मक रूपमा बढी भावनात्मक हुने गर्दछ । नेपालको सन्दर्भमा एक वा सोभन्दा बढी व्यक्तिहरूसँगको अन्तर्क्रियालाई पनि 'टक शो' नै भन्ने चलन छ ।

चेतना, जागरण र सशक्तीकरणलाई मुख्य उद्देश्य राखेको *जागृति* छोटो अवधिमै दर्शकहरू माझ लोकप्रिय कार्यक्रम बन्न पुगेकोमा *जागृति* कार्यक्रमको टिम निकै उत्साही भयो । 'पैतृक सम्पत्तिमा छोरीको हक' लगायत, 'महिला सशक्तीकरण, सरकारको बजेट र महिला', 'संसदको उम्मेद्वारी महिलालाई पाँच प्रतिशत सिट आरक्षण' र 'चौथो विश्व महिला सम्मेलनको सन्दर्भ' आदि विषयका कार्यक्रमलाई दर्शकहरूले निकै रुचाएको पाइयो ।


सानेपा, ललितपुर
२०५१।४।२६

श्री कार्यक्रम संचालिका,
"जागृति" कार्यक्रम, नेपाल टेलिभिजन
सिंहदरबार ।

महाशया :

कार्यक्रमको शुभचिन्तक

मोहनमान सैँजूद्वारा *जागृति* कार्यक्रम सञ्चालिकालाई सम्बोधन गरी मिति २०५१ साउन २६ मा प्रेषित हस्तलिखित पत्र ।

मूलतः महिला दर्शकलाई लक्षित गरिएको कार्यक्रम भए तापनि *जागृति*लाई पुरुषहरूले पनि स्वागत गरेका थिए । सो कुराको प्रमाण डा. मोहनमान सैँजूले २०५१ साउन २६ को मितिमा *जागृति* कार्यक्रमलाई पठाउनुभएको पत्रले पनि दिन्छ । पत्रमा सैँजूले "नेपाली महिलालाई विकासको मूल प्रवाहमा सहभागी

बनाई लैजान तथा महिलाको स्तर उकास्ने कार्यमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालित *जागृति* कार्यक्रम स्वागतयोग्य छ" भन्दै पत्रमा कार्यक्रमको सुधारको निम्ति ५ बुँदे सुझावहरू पनि प्रेषित गर्नुभएको थियो (हेर्नुहोस् तस्वीर)।

सैँजूद्वारा प्रेषित पत्रमा उल्लिखित सुझावका बुँदाहरू निम्न थिए:

१. सर्वप्रथम कार्यक्रमको विषय छनोट बडो राम्ररी सोच विचार गरी गर्नु उचित हुनेछ, ताकि त्यसले समयोचित प्रासङ्गिकता प्राप्त गर्नाका साथै दर्शकहरूमा हेर्ने इच्छा र कौतुहलता जागृत हुन सकोस्,
२. यसरी छानिएका विषयवस्तुमा एक दुई हप्ताअगाडि नै टेप गरी सकिने हुँदा कार्यक्रमको विज्ञापन दिँदा अब आउने विषयवस्तुको पनि जानकारी दिनु राम्रो हुनेछ,
३. कार्यक्रममा सहभागी बनाइने व्यक्तिहरूको सङ्ख्या धेरै हुनुहुँदैन। त्यसबाट राम्रो छलफल हुन पाउँदैन। साथै, सहभागी को हो ? उसको परिचय के हो ? थाहा दिनलाई समेत समय हुँदैन,
४. सहभागीहरूलाई विषयका साथै मूल प्रश्नहरू पनि जानकारी दिई राम्ररी चिन्तन मनन् तथा गृह अभ्यास गरी आउने अवसर दिनु राम्रो हुन्छ र यो आवश्यक पनि छ। यसबाट कैयौँ तथ्य तथ्याङ्क तथा अध्ययन नतिजाहरू भए सोको समेत जानकारी हुन सक्ने र दर्शकलाई नयाँ कुराको ज्ञान जगाउन र सोच्नसमेत घच्घच्याउन सम्भव हुन्छ,
५. प्रत्येक कार्यक्रमको प्रसारणपछि त्यसबारे प्रतिक्रिया, आलोचना तथा सुझाव प्राप्त गर्ने प्रयास जरुरी छ। यसबाट आउने कार्यक्रमलाई बलियो बनाउन उचित फिडब्याक प्राप्त हुन्छ।

उल्लिखित सुझावमध्ये २, ३ र ५ नम्बरका सुझावहरूलाई महत्त्वपूर्ण मानी तत्काल सुधार गरियो। *जागृति* कार्यक्रमको नवौँ अङ्कमा डा. सैँजुलाई धन्यवाद दिँदै उहाँद्वारा प्रस्तुत सुझावहरूलाई अवलम्बन गरिएको र गर्दै लाने कुराको जानकारीसमेत प्रस्तुत गरियो। यसले ५ नम्बरमा उल्लिखित सैँजूको सुझावलाई सम्बोधन गरेको थियो। दर्शकलाई टेलिभिजनबाट नै प्रत्यक्ष 'रेस्पोन्स' गरिएकोले नै होला त्यसपछि त *जागृति*को नाममा प्रतिक्रिया आलोचना र सुझावको बाढी नै आउन थाल्यो। सैँजूको सुझावअनुसार कार्यक्रममा गरिएको सुधारपछि कार्यक्रमले पूर्णता पाएको लगायत अरू फिडब्याक पनि दर्शकबाट प्राप्त भएका थिए। त्यस्तै *जागृति* कार्यक्रमलाई स्तरीय बनाउनका लागि डा. बाबुराम भट्टराई र हिसिला यमीले मलाई आफ्नो घरमै निम्ता दिई विश्व महिला आन्दोलनका बारेमा धेरै जानकारी

दिनुभएको र त्यति बेला भारतबाट निस्कने *मानुषी* पत्रिका पढ्नका लागि दिनुभएको पनि सम्झना आउँछ । *मानुषी* पत्रिकाले महिलाका विषय र अधिकारका बारेमा मेरो सोचाइलाई फराकिलो पार्न मद्दत पुऱ्याएको पनि सम्झन्छु । यसरी *जागृति* नाम छिट्टै जनमानसमा भिजेको मैले महसुस गरेकी थिएँ । स्कूले विद्यार्थीहरूले बसको झ्याल झ्यालबाट 'जागृति दिदी' भनी मलाई सम्बोधन गर्दा म पुलकित हुन्थेँ । पछि तत्कालीन सरकारले महिला सशक्तीकरणसम्बन्धी आफ्नो एउटा कार्यक्रमको नाम नै 'जागृति' राखिदिएकोमा मेरो हर्षको सीमा रहेन । सोसम्बन्धी समाचार सङ्कलन गर्नुभएका सहकर्मी लक्ष्मण हुमागाईंले मलाई उक्त समाचार सुनाई "बधाई छ" भन्दा त्यसलाई ठूलो उपलब्धिको रूपमा लिएकी थिएँ ।

*जागृति*को रेकर्डिङ सिंहदरबारभित्र तथा टेलिभिजनको स्टुडियोमा नै हुने गर्दथ्यो । आम मानिसहरूलाई सिंहदरबारको प्रवेश पाउन कठिन हुने कुरा सर्वविदितै छ । तर *जागृति*को रेकर्डिङमा आएका महिलाहरू सजिलै सिंहदरबारको ढोकाबाट प्रवेश पाउँथे भन्ने गरिन्थ्यो । *जागृति* प्रति प्रहरी मित्रहरूको सदाशयताको त्यो एउटा उदाहरण थियो । त्यसो त नेपाल टेलिभिजनबाट *जागृति*को रेकर्डिङ गरी फर्किएकाहरूलाई केहीले बाटामा 'घर भाँड्ने आइमाइहरू' भन्ने गरेको गुनासो पनि सहभागीहरूबाट नसुनिएको भने होइन । त्यस्तै घरमा तर्क/वादविवाद गर्ने छोरी बुहारीलाई 'यसलाई *जागृति* धेरै हेर्न दिनु भएन' भन्ने गरिन्थ्यो रे ! 'पोथी बासेको राम्रो हुँदैन' भन्ने पुरानो सोचाइ तथा गलत विचारलाई त्याग्न नसकेका केही परम्परावादी घरहरूमा त्यस किसिमको कुरा हुनु कुनै आश्चर्य होइन । उक्त कार्यक्रमबाट हाम्रो सामाजिक संरचनामा परिवर्तन आउनसक्ने थोरै मात्र पनि त्रास यदि कसैमा थियो भने त्यसलाई *जागृति* कार्यक्रमको सफलता नै मान्नुपर्दछ । त्रासभन्दा परिवर्तनको आशा राख्नेहरूको सङ्ख्या निश्चित रूपमा धेरै थियो र त्यही आशा नै *जागृति* कार्यक्रमको सबैभन्दा ठूलो शक्ति थियो भन्ने मलाई लाग्छ ।

*जागृति*को सम्बन्धमा एउटा चित्त नबुझ्दो कुरा के रह्यो भने महिलाका विषयमा मात्र केन्द्रित हुने उद्देश्य राखी सुरु गरिएको कार्यक्रममा २०५२ सालपछि मेरो संलग्नता टुट्यो । टेलिभिजनसम्बन्धी थप अध्ययनको सिलसिलामा बाहिर जानु परेकाले म नचाहँदा नचाहँदै उक्त कार्यक्रमबाट अलगिनु परेको थियो । मैले निर्माण गर्न छाडेको केही समय महिलाको विषयमा केन्द्रित रहे पनि पछि गएर एउटा समसामयिक कार्यक्रमको कोटीमा दरिन पुग्यो यो । त्यसपछिको *जागृति*मा विद्यार्थीलाई दिइने यातनादेखि मर्निङ्ग वाक र भुइँचालोजस्ता विषयलाई पनि समेट्न थालियो । *जागृति* महिलाको विषयमा मात्र केन्द्रित गर्ने जुन

उद्देश्यका साथ सुरु भएको थियो, उक्त प्रयासले निरन्तरता पाएन । त्यसो नभइदिएको भए *जागृति*ले महिलाका लागि महिलाद्वारा निर्मित लामो अवधिसम्म चलेको 'टक शो' को इतिहास कायम गर्ने थियो ।

## कुर्सीमा बसेको सुहाएन ! जेन्डर कमेन्ट

*जागृति* सुरु गरेलगत्तै मेरो पदोन्नति कार्यकारी निर्माताको पदमा भइसकेको थियो । कार्यकारी निर्माताको दायित्व नयाँ नयाँ कार्यक्रम डिजाइन गर्नु, आफू अन्तर्गतका निर्माताहरूलाई कार्यक्रम निर्माणमा सुझाव, सल्लाह, निर्देशन दिनु, निर्मित/प्रसारित कार्यक्रमको अनुगमन/सुपरीवेक्षण गर्नु साथै संस्थाको नीतिनिर्माण तहमा बस्नेहरूलाई नीतिनिर्माणका लागि आफ्नो 'इन्पुट' दिनु र तिनलाई सघाउनु हुने गर्दछ । व्यवस्थापन तहका व्यक्तिका लागि आफू अन्तर्गत काम गर्नेहरूको समस्या र आफूभन्दा माथिल्लो तहमा बस्नेको कठिनाइलाई तालमेल मिलाउन सुरुसुरुमा अप्ठ्यारो हुँदोरहेछ । त्यो मेरा लागि नयाँ किसिमको काम थियो र केही हदसम्म रमाइलो पनि । यता करिब १० वर्षदेखि कार्यक्रम निर्माणमा संलग्न भई आफ्ना कुराहरू प्रशस्त मात्रामा दर्शक सामू भनी पनि सकिएको थियो । अब कति आफ्नै मात्र कुरा सुनाइरहने ? कतिञ्जेल आफ्ना अनुहारले टलिभिजनको पर्दा ओगटिरहने ? जस्ता कुराहरू पनि मनमा उठ्न थालिसकेको थियो । ती कुराहरू किन पनि उठेका थिए भने 'धेरै खाए चिनी पनि तीतो हुन्छ' भनेझैँ दर्शकले सधैँ आफूलाई मन पराइरहन्छन् भन्ने भ्रममा बस्दा र अरूको दृष्टिबाट आफ्नो मूल्याङ्कन नगर्दा केही स्थापित कलाकार र सञ्चारकर्मीहरू टेलिभिजनको पर्दामा बिस्तारै अलोकप्रिय हुँदै गइरहेको मैले महसुस गरेकी थिएँ । यस क्षेत्रमा समयसँगै नयाँ सोच, नयाँ प्रविधि र नयाँ अनुहारको माग बढ्नु अत्यन्त स्वभाविक पनि हो ।

यसरी आफ्नो जिम्मामा आएको नौलो काम प्रतिको रुचि, नयाँ पुस्तालाई प्रवेश गराउनुपर्छ भन्ने व्यक्तिगत मान्यता, पर्दापछाडि बसी काम गर्ने चाहना आदिका कारण म (२०५३ वैशाखदेखि) प्रत्यक्ष रूपमा कार्यक्रम निर्माणमा संलग्न नभई कार्यक्रम महाशाखाकै व्यवस्थापनसम्बन्धी कार्यमा व्यस्त हुन थालेँ ।[10] अर्थात् अर्को अर्थमा भन्ने हो भने 'कुर्सीमा बस्न पुगेँ' । तर, म कुर्सीमा बसेको कार्यालय भित्रका सायद धेरैलाई मन परेको थिएन । मैले फिल्डमा गएर कार्यक्रम नै बनाउनुपर्छ भन्ने विचार ती प्रत्यक्ष/अप्रत्यक्ष रूपमा पोख्ने गर्दथे । केहीले मलाई

---

[10] यद्यपि बेलाबेलामा निश्चित कार्यक्रमहरू र वृत्तचित्र निर्माणमा मेरो संलग्नता थियो र छ नै ।

कुर्सीमा बसेको सुहाएनसमेत भने । कार्यक्रम निर्माण गर्ने मेरो सीप र योग्यतालाई कदर गरी त्यसो भनिएको भए म खुशी नै हुने थिएँ । तर, तिनको आशय त्यतातिर मात्र थिएन । मेरो संस्थामा मेरै तहका, म समान, म जति नै योग्य अरू सञ्चारकर्मी पनि थिए । तिनलाई 'कार्यक्रम बनाउनु पर्‍यो, फिल्डमा जानुपर्‍यो वा कुर्सीमा बसेको सुहाएन' भनिएन । म आफैँसँग प्रश्न गर्ने गर्दथेँ, "साँच्चै नै म कुर्सीमा बसेको नसुहाएको हो वा, म कुर्सीमा बसेको दृश्य पचाउन अरूलाई गाह्रो भएको हो ? तोकिएको कुर्सीमा बसेर मैले गरेको काम ठीक छैन भने वा भएन भने हो मलाई कुर्सी नसुहाउला तर म महिला भएको कारणले नै कुर्सीमा बसेको नसुहाएको हो भने त्यो त जेन्डर कमेन्ट भयो ।" त्यस्तै, मैले कुनै पुरुष सञ्चारकर्मीले निर्माण गरेको कार्यक्रमको सेन्सर गरेँ वा टिप्पणी गरेँ भने या त त्यसलाई स्वीकार्न (सुरुका दिनहरूमा) गाह्रो मानिन्थ्यो कि त्यसको 'ओभर रियाक्सन' हुने गर्दथ्यो । पूर्ण व्यावसायिक दृष्टिले गरिएको टिप्पणी वा सेन्सरलाई त्यही रूपमा स्वीकार गरिन्नथ्यो । महिलाको नियन्त्रण स्वीकार नगर्ने सामाजिक रोग मिडियामा पनि छिरिसकेको मैले महसुस गरेकी थिएँ ।

सरकार नियन्त्रित संरचनाको व्यवस्थापनको कर्मचारीले कार्यालयभित्र गर्न सक्नेभन्दा नसक्ने कुरा धेरै हुन्छन् । यो कुनै व्यक्ति वा जाति विशेषको सन्दर्भमा मात्र होइन सबैमा लागू हुने कुरा हो । र, मलाई लाग्छ नेपाल टेलिभिजनमा मात्र होइन यस्तो अवस्था सरकार नियन्त्रित अन्य संस्था र मिडिया हाउसहरूमा पनि छ । आफ्नो तहभन्दा माथि उच्च व्यवस्थापन तह (नीतिनिर्माण तह), त्योभन्दा माथि सञ्चालक समिति र त्योभन्दा पनि माथि सञ्चार मन्त्रालय भएको कारण टेलिभिजनको व्यवस्थापन तहमा बस्नेले कुनै नयाँ काम आफू एक्लैको निर्णयले गर्न सक्दैन । यो कुरा कार्यक्रम निर्माण गर्ने, गराउने सन्दर्भमा पनि लागू हुन्छ । तर आफ्नो च्यानलबाट निर्माण वा प्रसारण हुने कार्यक्रमलाई स्वीकृति दिने, नदिने सम्बन्धमा भने तिनको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । किनकि कार्यक्रमको प्रस्ताव र प्रसारणका निम्ति प्राप्त कार्यक्रमहरू व्यवस्थापन तहको सिफारिश, राय र स्वीकृतिविना अगाडि बढ्दैन र प्रसारण हुँदैन । तर त्यस किसिमका भूमिकाहरू महत्त्वपूर्ण हुँदाहुँदै पनि निर्णायक भने हुँदैनन् । कार्यकारी वा प्रमुख निर्मातालाई मनासिब नलागेका प्रस्तावहरू र तिनले प्रसारण अयोग्य ठहराएका कार्यक्रमहरू पनि अन्यत्रबाट स्वीकृति भई प्रसारण भएका घटनाहरू प्रशस्तै छन् । पार्टी विशेषलाई सघाउने र कुनै मिसनका निमित्त निर्मित कार्यक्रमका सन्दर्भमा ती कुराहरू लागू हुन्छन् । सरकार फेरिएपिच्छे नेपाल टेलिभिजनमा नयाँनयाँ अनुहारका प्रस्तोता, निर्माताहरू उम्रिनुले, कार्यालयभित्र

बसी व्यावसायिकता र प्रतिस्पर्धात्मक कार्यक्रमका निमित्त पैरवी गर्नेहरू किनारा लाग्नुपर्ने स्थिति छ । यस सन्दर्भमा व्यवस्थापन तह केही गर्न सकिने सम्भावना रहेको उर्वर क्षेत्र भने होइन । व्यवस्थापन तह पछिको खुट्किलो हो नीतिनिर्माण तह अर्थात् व्यवस्थापन तहमा नपुगी नीतिनिर्माण तहमा नपुगिने हुँदा व्यवस्थापन तहको महत्त्व वा आवश्यकतालाई नकार्न भने सकिन्न ।

नेपाली टेलिभिजन उद्योगमा महिलाहरूको सङ्ख्या न्यून छ । व्यवस्थापन र नीतिनिर्माण तहमा महिलाहरू झनै न्यून छन् ।[११] त्यसैले जुन ठाउँमा महिलाहरू ज्यादै नै न्यून छन् त्यो ठाउँमा पुग्नु गौरवकै कुरा हो । मलाई त लाग्छ नेपाली टेलिभिजन उद्योग महिलाका प्रस्तुति, विषय र जनशक्तिलाई लिएर जसरी पुरातन पाराले चलिरहेको छ त्यसमा युगान्तकारी परिवर्तन ल्याउनका लागि एक दुई जना मात्र होइन थुप्रै सङ्ख्यामा महिलाहरू व्यवस्थापन र नीतिनिर्माण तहमा पुग्नुपर्दछ । एकातर्फ राज्यको हरेक संरचनामा महिलाको ३३ प्रतिशत सहभागिताका कुरा र अर्कोतर्फ मिडियामा महिलाका मुद्दा 'मेन स्ट्रिमिङ' (मूल प्रवाहीकरण) नभएको चर्चा भइरहेको सन्दर्भमा नीतिनिर्माणमा महिलाको सङ्ख्या नबढ्नु भनेको मिडियामा महिलाको मेन स्ट्रिमिङ होइन मेल स्ट्रिमिङ (पुरुष प्रवाहीकरण) रहिरहनु हो भन्ने म ठान्दछु ।[१२]

## तीतो र मीठो

टेलिभिजनकर्मी भएर काम गर्दा मेरो जीवनमा घटेका केही अनौठा र विष्मयकारी घटनाहरूको बारेमा पनि उल्लेख गर्न मन लागेको छ । मलाई अत्यन्त मीठो र तीतो लागेका ती दुई घटनाले एउटा सञ्चारकर्मी कुन बेला सबभन्दा बढी खुसी हुन्छन् र कुन बेला तिनलाई अत्यन्त दुःख लाग्दछ भन्ने कुराको बोध गराउँछ भन्ने लागेको छ । यद्यपि व्यक्तिपिच्छे कुनै पनि घटना वा विषयले उस्तै प्रभाव पार्छ भन्ने छैन ।

सुरुआत मीठो घटनाबाट गर्दछु । यो घटना सँगालो २०४७/४८ तिर कार्यक्रम निर्माण गर्दाखेरिको हो । सो सिलसिलामा अनाथालयमा दिइने शिक्षाका सम्बन्धमा रिपोर्ट बनाउन पशुपति मन्दिर निरैको असहाय कल्याण क्लबमा हाम्रो

---

[११] व्यवस्थापन वा नीतिनिर्माण तहमा महिलाको सहभागितासम्बन्धी थप जानकारीका लागि गौतम (२०६३, २०६४) र उप्रेती (२०६४) हेर्नुहोस् ।

[१२] माथि उल्लिखितबाहेक *बाल कार्यक्रम* (२०४४), *मूल्याङ्कन* (२०४५), *शैक्षिक कार्यक्रम* (२०४६), *जनआवाज* (२०४७) र *कुराकानी* (२०४७) को निर्माण/प्रस्तुतिमा पनि म संलग्न थिएँ ।

'क्यु' पुगेको थियो । उक्त क्लबमा पढ्ने थुप्रै बालकमध्ये एक जनालाई मैले हातमा कपि र कलम थमाई 'म भोलि ठूलो मानिस बन्नेछु' भन्ने वाक्य लेख्न लगाएँ । त्यस वाक्यलाई फोकस गरी देखाउने र बालकले लेखिरहेको दृश्यलाई विभिन्न कोणबाट खिच्नका लागि क्यामरापर्सन सुदर्शन चित्रकारलाई अनुरोध गरेँ । बालकले अत्यन्त स्वाभाविक ढङ्गमा आफ्नो काम गरे । क्यामरापर्सनले पनि त्यसको मनग्यै 'सट्' लिए । सम्पादनसहित सो दृश्यलाई मैले कार्यक्रममा प्रयोग गरेँ । प्रसारित कार्यक्रमको पहिलो दृश्य नै उनै बालकको थियो । सुटिङका सिलसिलामा त्यसरी दृश्यहरू सिर्जना गरिनु कार्यक्रम निर्माणको एउटा पक्ष हो । रिपोर्टलाई रोचक, सिर्जनात्मक र नाटकीय रूप दिन यदाकदा त्यस्ता प्रयोगहरू गरिन्छन् । त्यस्तो प्रयोग गरिन्छ र बिर्सिइन्छ पनि । तर, जुन बालकबाट अनाथालयको क्लबमा त्यस दृश्यका लागि मलाई सहयोग भएको थियो, उनैले त्यो दृश्य बिर्सिएका रहेनछन् । उनको बाल मस्तिष्कमा त्यो दृश्य र त्यसको मर्मको अमीट छाप परेको कुरा सहकर्मी नीता सापकोटाबाट आजभन्दा दुई वर्षअघि (२०६२ सालमा) सुन्न पाएँ । नीता उक्त क्लब पुग्दा केशव अधिकारी नामक एक युवक त्यहीँ भेटिएछन् र उनले "मलाई दीपा दिदीले सानोमा 'म ठूलो मान्छे बन्नेछु, भनी लेखाउनुभएको थियो । मैले धापासीमा आफूजस्तै बालबालिकाको लागि एउटा स्कूल खोलेको छु । दिदीलाई देखाउन मन छ" भनेछन् । त्यो सुनेर म गद्‌गद् भएँ । मैले अन्जानमा लगाइदिएको 'छुक' तिनलाई लागेछ भनेजस्तो लाग्यो । त्यसरी खिचिएको उक्त दृश्य मेरो केवल कल्पना मात्र थियो तर केशवले त्यसलाई यथार्थमा परिणत गरिदिए । आफू जुन अवस्थाबाट गुज्रेको छ, आफू हुर्केपछि त्यही अवस्थाका मानिसको उद्धार गर्ने अभियानमा लाग्नु त्यो जति पूण्यको काम अरू के हुन सक्छ ? केशव मेरा लागि साँच्चै ठूला मानिस हुन् । यो मीठो प्रसङ्गले मलाई अकल्पनीय खुशी दिने गर्दछ ।

तीतो प्रसङ्ग भने २०४३ सालमा *साहित्य प्रभा* निर्माण गर्दाखेरिको हो । केही साहित्यकारहरू तिनले चाहे जसरी र भने जसरी *साहित्य प्रभा* निर्माण नहुँदा भड्किने गर्दथे । केही उक्त कार्यक्रममा आफूले चाहेजति बोल्न पाउनुपर्छ र आफूलाई भने जसरी देखाइदिनुपर्छ भन्ने अडान लिन्थे, जुन पूरा गर्न सम्भव हुँदैनथ्यो । अन्तर्क्रियाका लागि स्टुडियोमा निम्ता गर्दा म सँग "हुन्छ" भने तापनि पछाडि "त्यो फूच्चीले हामीलाई स्टुडियोमा बोलाउने ? चाहिन्छ भने हाम्रो घरमा आउनुपर्छ" भन्नेहरू नै रेकर्डिङका लाीग तोकिएको समय अगावै स्टुडियोमा आइपुगिसकेका हुन्थे । टेलिभिजन माध्यम र प्रविधि साथै त्यसका कठिनाइहरूलाई नबुझी मप्रति व्यक्तिगत इबी राख्ने साहित्यकार पनि भेटेँ मैले । साहित्यको

आफू विज्ञ नभएको र कार्यक्रम निर्माणमा पनि त्यति बेला अपरिपक्व भएको हुँदा गल्तीहरू मबाट पनि पक्कै भएको हुनुपर्दछ । म त्यो स्वीकार्छु पनि ।

त्यसै सिलसिलामा एक जना साहित्यकारलाई मसँग के कुरामा 'प्रचण्ड झोक' चलेछ कुन्नी ! ती तीन दिनसम्म सिंहदरबारको ढोकामा तेजाबको सिसी लिएर बसेका थिए रे ! म टेलिभिजन जाने मौका पारी मेरो अनुहारमा छ्याप्नको लागि । धन्न, म त्यो बेला ढाका गएको समय परेको रहेछ । तीन दिनपछि ती निराश भई फर्केको कुरा मलाई कलाकार/साहित्यकार जीवन आचार्यले सुनाउनुभयो । मैले "ती को हुन् ?" भनी सोध्दा भद्र र शान्त स्वभावका जीवनले तिनको नाम मलाई भन्न चाहनुभएन । "पर्खिनुहोस्, समय आएपछि भनौँला" भनेर टारिरहनुभयो । मलाई उत्तर नदिइकन जीवन बितेर जानुभयो तर मेरो मनमा यो प्रश्न आज पनि उठ्ने गर्छ, को होलान् तिनी ? त्यसरी तिनको रगत उम्लने गरी के अपराध (साहित्यिक ?) गरिछु मैले । मबाट कुनै गल्ती भएकै रहेछ भने पनि मेरो कुरा नसुनी जुन सजायँ उनले मलाई दिने अठोट गरे, के त्यो उचित थियो ?' अनुहारमा तेजाब परेको भए मेरो के हबिगत हुन्थ्यो होला ? म त्यसपछि टेलिभिजनकर्मी भएर आफ्नो पेसालाई अगाडि बढाउन सक्थेँ ? अर्को अहम् प्रश्न पनि छ- मेरो सट्टा कुनै पुरुष भएको भए उसले पाउने सजाय कस्तो हुन्थ्यो होला ? के मैले जस्तै उसले पनि त्यस किसिमको मानसिक पीडा खेप्नुपर्थ्यो होला ?

जेहोस्, मेरो अनुहारमा तेजाब हाल्न उद्यत ती साहित्यकार (जसलाई मैले चिन्न पाइनँ र सायद अब कहिल्यै पाउदिनँ पनि) प्रति मेरो कामना छ, ती आजका दिनमा नेपालका सुप्रसिद्ध साहित्यकार भइसकेका होऊन् । म त त्यही सिंहदरबार ढोका भित्रको टेलिभिजनमा रमाइरहेकी छु जहाँ उनी तेजाबको सिसी लिएर मलाई पर्खिबसेका थिए ।

## सन्दर्भ सामग्री

गौतम, दीपा । २०६३ । *काँचको पर्दा: नेपाली टेलिभिजनमा महिला* । काठमाडौँः मार्टिन चौतारी ।

गौतम, दीपा । २०६४ । टेलिभिजनमा महिलाः न्यून सङ्ख्या/कमजोर स्थिति । *समावेशी मिडिया* । प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं., पृ. ६१-७० । काठमाडौँः मार्टिन चौतारी ।

धुकुदे । २०४४ । सबै गाउँमा क्याम्पस ? *गोरखापत्र*, २५ असोज ।

उप्रेती, टङ्क । २०६४ । नेपाली टेलिभिजनमा सामाजिक समावेशीकरण । *मिडिया अध्ययन* २: १०५-१२१ ।